# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## घरपझोङ गाउँपालिका
## मुस्ताङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. १०२

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
घरपझोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मुस्ताङ ।

**कैफियत सहितको राय**

हामीले घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ५३ लाख ४८ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१ करोड ७१ लाख ४८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१७ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६० लाख १ हजार र नियमित गर्नुपर्ने रू.४ लाख ४८ हजार रहेको छ ।गाउँपालिकाको गतवर्ष रु ३ करोड ९७ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू. रु. ५ करोड २ लाख ७५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# घरपझोङ गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६५ | ४६ | ३५३४८ | ० | ९ | १७१४८ | ६५ | ३७ | १८२०० | १७५१ | ४४८ | १६००१ | ० | ० | १६४४९ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुस्ताङ | ३९७३५ | ० | ७६६० | ३२०७५ | ० | १८२०० | ५०२७५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : घरपझोङ गाउँपालिका, मुस्ताङ , घरापझोंग गाउँपालिका , मुस्ताङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गौरी प्रसाद आचार्य | २०७९-११-१९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हरिराम नागिला | २०७७-६-१९ | |
| कार्यालय प्रमुख | नेत्रप्रसाद पौडेल | २०७७-४-१ | |
| लेखा प्रमुख | आशिष भण्डारी | २०७८-१-२ | |
| लेखा प्रमुख | अशोक कुमार खड्का | २०७९-४-१ | |
| | | **बेरुजु रकम** | १८,२००,२०६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,६८,४७,४९२.९२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,००,७८,९३३ | **चालु खर्च** | ३,२१,९७,३७०.३३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५२,०६,२५० | **पूँजीगत खर्च** | १,९३,०३,६९८.१४ |
| **राजश्व बाँडफाँट** | ३,११,५१,१३०.८ | **वित्तीय/अन्य व्यवस्था** | ३२,९४,८१,९७५ |
| **आन्तरिक आय** | ८२,९९,०५३ | | |
| **अन्य आय** | ५,३३,०८,७१२.५८ | | |
| **कुल आय** | ३९,८०,४४,०७९.३८ | **कुल खर्च** | ३८,०९,८३,०४३.४७ |
| **बाँकी मौज्दात** | | ७,३९,०८,५२,७५९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **वित्तीय विवरण** | |
| १.१ | | | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७8 अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः- | |
| १.२ | | | - सामाजिक सुरक्षा तर्फ बढी भुक्तानी भएको रु. 24097.00 लेखापरीक्षणको क्रममा असुल भई मिति २०७8।6।७ मा बेरुजु खातामा दाखिला भएको छ । | |
| १.३ | | | स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २४ सभा सदस्य, ३१६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१८४ जनसंख्या रहेको छ ।<br>• आर्थिक कारोवारको स्थिति - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष 2077/78 को एकीकृत आय-व्यय हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छः-<br>एकीकृत आय-व्यय 2077/78 | |

| **सि.नं.** | **आय** | | **सि.नं.** | **व्यय** | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गतवर्षको जिम्मेवारी** | | १ | **संघीय समानीकरण अनुदान** | |
| | क. चालु खर्च खाता (विजोर वर्ष) | २१८३५९५५.०७ | | क. चालु | ३२१९७३७०.३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| | ख. पुँजीगत विजोर खर्च खाता (विजोर वर्ष) | २७०४३८०२.६३ | | ख. पुँजीगत | १९३०३६९८.१४ |
| | ग. स्थानीय तह धरौटी खाता | 1480099.22 | २ | **संघीय सशर्त अनुदान** | |
| | घ. स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३६९४९०५. | | क. चालु | १४७५६०४२०.३१ |
| | ङ. स्थानीयतह आकस्मिक कोष खाता | २३४००११. | | ख. पुँजीगत | १६५५५४८६ |
| | च. स्थानीयतह विविध कोष खाता | ४४०६२०. | ३ | **संघीय विशेष अनुदान पुँजीगत** | **३७२९५३४१.१६** |
| | छ. स्थानीयतह विभाज्य कोष खाता | १२१००. | ४ | **आन्तरिक राजश्व** | |
| २ | **राजश्व (आन्तरिक आय)** | | | क. चालु | १०३६९८१२.५९ |
| | क. आन्तरिक राजश्व | 8299053.7 | | ख. पुँजीगत | ३३५४२९९३.६२ |
| | ख. संघीय राजश्व बा◌ँडफाँट | 29640168.8 | ५ | **संघीय राजश्व बाँडफाँड** | |
| | ग. प्रदेश राजश्व बाँडफाँट | 1510962 | | क. चालु | २९२४२०३ |
| ३ | **संघीय सरकारबाट हस्तान्तरण** | | | ख. पुँजीगत | १५५३९५१८.७३ |
| | क. वित्तीय समानीकरण अनुदान | ६७१००००० | ६ | **प्रदेश राजश्व बाँडफाँट** | |
| | ख. सशर्त अनुदान | 175683592 | | क. चालु | २३६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| **सि.नं.** | **आय** | | **सि.नं.** | **व्यय** | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| | ग. विशेष अनुदान | 37295341.16 | | ख. पुँजीगत | ८१९००० |
| ४ | **प्रदेश सरकारवाट वित्तीय हस्तान्तरण** | | ७ | **प्रदेश सरकारवाट प्राप्त वित्तीय समानीकरण** | |
| | क. वित्तीय समानीकरण अनुदान | 12124250 | | क. चालु | ७२६९०५८.७ |
| | ख.समपूरक अनुदान | 10000000 | | ख. पुँजीगत | ६५८५५५ |
| | ग. बिशेष अनुदान | 3082000 | ८ | **प्रदेश समपूरक अनुदान** | **४६९०३७३.२८** |
| ५ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | ९ | **प्रदेश बिशेष अनुदान** | **३१७०१२७.८८** |
| | क. सामाजिक सुरक्षा | 11429822 | १० | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | |
| | ख. स्थानीय पूर्वाधार विकास साझेदारी | 7888705 | | क. सामाजिक सुरक्षा | 11429822 |
| | ग. स्थानीय तह प्रशासनिक भवन | 17000000 | | ख. स्थानीय पूर्वाधार विकास साझेदारी | 7888705 |
| | घ. शिक्षा विकास निर्देशनालय | 1000000 | | ग. स्थानीय तह प्रशासनिक भवन | 17000000 |
| | ङ. प्रदेश सामाजिक विकास मन्त्रालय | 496801 | | घ. शिक्षा विकास निर्देशनालय | 1000000 |
| 6 | **धरौटीको प्राप्ति** | **7340663.4** | | ङ. प्रदेश सामाजिक विकास मन्त्रालय | 496801 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| 7 | **आकस्मिक कोष खातामा प्राप्त** | **12500** | 11 | **पुँजीगत खर्च (म्यानुअल)** | **2515415** |
| 8 | **विभाज्य कोष खातामा प्राप्त** | **४००००** | १२ | **धरौटी फिर्ता** | **१०७०६९०** |
| 9 | **प्रकोप व्यवस्थापन कोष** | | १३ | **प्रकोप व्यवस्थापन कोष** | **१८४१२२५** |
| | क. लोमन्थाङ गाउँपालिका | **149205** | 14 | **विविध खर्च खाता** | **५४४६४६३** |
| | ख. लो-घेकर दामोदरकुण्ड गाउँपालिका | **164250** | 15 | आइ टी तलब सोधभर्ना | १०.५० |
| | ग. वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | **104250** | 16 | बेरुजु दाखिला | १६१९५५ |
| | घ. अन्य सहयोगी दाता | 56410 | १७ | **मौज्दात रकम स्रेस्ता अनुसार** | |
| 10 | **अन्य प्राप्ति** | | | क.चालु खर्च खाता | ३४१७१०५.६६ |
| | क. पुर्वाधार विकास कार्यालय | **3986620** | | ख.पुँजीगत खर्च खाता | १६११७३८१.०१ |
| | ख. सडक बोर्ड | 1324806 | | ग. स्थानीय तह संचितकोष खाता | ४०४५३०४४.३ |
| | ग. आइ टी तलब सोधभर्ना | 225945 | | घ. धरौटी खाता | ७७५००७२.६२ |
| | घ. गण्डकी प्रदेश प्रतिष्ठान | 500000 | | ङ. प्रकोप व्यवस्थापन कोष खाता | 2327795 |
| 11 | **विविध कोष खाता** | **1187000** | | च. आकस्मिक कोष खाता | २३५२५११ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="2">आय</th><th rowspan="2">सि.नं.</th><th colspan="2">व्यय</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>12</td><td>चालु खर्च खाता र विविध खातामा अन्य आम्दानी</td><td>34275</td><td></td><td>छ.विविध खर्च खाता</td><td>२२५९३५</td></tr>
<tr><td>13</td><td>चेक नकाटीएको बाँकी (पूँजीगत भौ.नं. ७८)</td><td>11305</td><td></td><td>ज.विविध कोष खाता</td><td>१२१२५८३</td></tr>
<tr><td>14</td><td>मूल संचित कोषमा अन्य आम्दानी</td><td>356154.3</td><td></td><td>झ.विभाज्य कोष खाता</td><td>52100</td></tr>
<tr><td></td><td>जम्माः</td><td>४५४८९१५७२.२८</td><td></td><td>जम्मा</td><td>454891572.28</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (शुत्र)बाट प्राप्त हुने म.ले.प. फा.नं. 272 को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्रमा समावेश गरेको पाइएन । त्यसैगरी आर्थिक वर्षको अन्तमा कार्यालयले गाउँपालिका पूँजीगत तर्फ रु. 2515415.00 को आर्थिक कारोबार शुत्रप्रणालीबाट नगरी म्यानुअल आधरमा गोश्वारा भौचर बनाई खर्च लेखेको छ । पालिकाले आर्थिक कारोबार गर्दा सुत्र प्राणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **बैंक हिसाब मिलान**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रकको कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ । | |

| सि. नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | श्रेस्ताभन्दा बैंकमा बढी |
|---|---|---|---|---|
| 1. | ग २.२ - चालू खर्च खाता- जोर वर्ष | 3417105.66 | 10931670.66 | 7514565 |
| 2. | ग २.४ -पुँजीगत खर्च खाता- जोर वर्ष | 16117381.01 | 31994786.51 | 15877406 |
| 3. | ग २.७ - विविध खर्च खाता | 225934.50 | 1666720.50 | 1440786 |
| 4. | ग ३.१ - स्थानीय तह धरौटी खाता | 7750072.62 | 7750072.62 | 0 |
| 5. | ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता | 40453044.30 | 40453044.30 | 0 |
| 6. | ग ५.१ - स्थानीय तह विविध कोष खाता | 1212583.00 | 1212583.00 | 0 |
| 7. | ग 7.1 - स्थानीय तह आकस्मिक कोष खाता | 2352511 | 2352511 | 0 |
| 8. | ग 7.2 - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | 2327795.00 | 2439900.00 | 112105 |
| 9. | ग ६.1 - विभाज्य कोषा खाता | 52100.00 | 25000.00 | (27100) |
| **जम्मा** | | **73908527.09** | **98826288.59** | **24917762** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **प्राप्ति हिसाब फरक परेको**<br>यस पालिकाले आ.व. 2077/78 मा राजश्व बाँडफाँड र अनुदानबाट प्राप्त रकम कोष तथा लेखा नियन्त्रण कार्यलयबाट भएको निकासा अनुसार आम्दानी बाँध्नु पर्नेमा निम्नानुसार फरक पारी आम्दानी बाँधेकोले सुत्र प्रणालीको मौज्दातमा रु. 44541560।- बढी देखिएको छ । यसरी प्राप्तिभन्दा घटी/बढी आम्दानी बाँध्नाले सुत्रले सत्यतथ्य विवरण दिन नसक्ने हुँदा प्राप्ति रकम एकिन गरेर मात्र आम्दानी बाँध्नु पर्दछ। | |

| सि.नं. | स्रोतकोतह | स्रोत | सुत्रमा आम्दानी बाँधीएको जम्मा रकम | को.ले.नि.का.बाट निकासा भएको जम्मा रकम | सुत्रमा प्राप्तिभन्दा बढी/घटी अम्दानी बाँध्नाले देखिएको फरक |
|---|---|---|---|---|---|
| १ | नेपालसरकार | समानीकरणअनुदान | ६७१००००० | ६७१००००० | 0 |
| २ | नेपालसरकार | सशर्तअनुदान चालु | २३१९५७२६० | 175683592 | ५६२७३६६८ |
| ३ | नेपालसरकार | विषेशअनुदान चालु | ३९५००००० | 37295341.16 | २२०४६५९ |
| ४ | गण्डकीप्रदेश | समानीकरणअनुदान | ८०००००० | 12124250 | -४१२४२५० |
| ५ | गण्डकीप्रदेश | विषेशअनुदान चालु | २५००००० | 3082000 | -५८२००० |
| ६ | गण्डकीप्रदेश | समप◌ूरकअनुदान चालु | ७५००००० | 10000000 | -२५००००० |
| ७ | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँट | १३५१२५२ | 1510962 | -१५९७१० |
| ८ | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँट | २३०६९३६१.९८ | 29640168.8 | -६५७०८०७ |
| **जम्मा** | | | **३८०९७७८७४** | **३३६४३६३१४** | **४४५४१५६०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ८ ऐन, ५ नियमावली, २० कार्यविधि ३ निर्देशिका र १ नर्म्स समेत 3७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नगराएको तथा इ टीडिएस गरेको पाइएन।<br>• धरौटीको व्यक्तिगत खाता तयार गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन।<br>• भ्रमण अभिलेख खाता नराखेको एवं भ्रमण प्रतिवेदन लिने नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कतिपय भ्रमण आदेशमा वास्तविक उद्देश्य नलेखी कार्यालय सम्बन्धी काम उल्लेख गर्ने गरेको<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाइएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत् गर्ने गरेको देखिएन ।<br>• विद्यालयगत निकासा अभिलेख खाता राखेको पाइएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सोको पालना पूर्ण रुपमा भएको पाइएन।<br>• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धित निकायमा समन्वय गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले मातहतका कर्मचारीहरुलाई कार्यविवरण/कार्यदेश दिई समयमै कार्यसम्पादनमा जोड दिनु पर्दछ ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री शर्मिला गुरुङले २०७७।03।09 गते रु. 30 करोड 70 लाख 13 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।03।09 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।04।01 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले भैपरी आउने पुँजीगतमा रु. 7500000.00 अबण्डा राखेको छ । उक्त अबण्डा रकम गाउँकार्यपालिकाको निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>
चौमासिक खर्च<br>
पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा 18.33 प्रतिशत, दोश्रो चौमासिकमा 27.32 प्रतिशत र तेश्रो चौमासिकमा 53.34 प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको 32.26 प्रतिशत खर्च गरेको छ । तेस्रो चौमासिकमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा वर्षायाम शुरु भएपछि विकास निर्माण कार्य दिगो र गुणस्तरीय नहुने हुँदा प्रत्येक चौमासिकमा समानुपातिक रुपमा कार्य हुनुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रे चौमासिक</th></tr>
<tr><td>1</td><td>गाउँपालिका पुँजीगत</td><td>७४५५४१३८.७७</td><td>१६३६७५२७</td><td>३२११६५१५</td><td>२६०७००९६</td><td>२१६५४८२५</td></tr>
<tr><td>२</td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td>५३८५०८२७.१६</td><td>७७४६८४९</td><td>३८३६२६२</td><td>४२२६७७१६</td><td>१९१८५२४३</td></tr>
<tr><td>३</td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td>३१७०१२७.८८</td><td>००</td><td>००</td><td>३१७०१२७</td><td>१६०६०६०</td></tr>
<tr><td colspan="2">कूल खर्च</td><td>१३१५७५०९३.८१</td><td>24114376</td><td>35952777</td><td>71507939</td><td>42446128</td></tr>
<tr><td colspan="2">खर्च प्रतिशत</td><td>100</td><td>18.33</td><td>27.32</td><td>54.35</td><td>32.26</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>फ्रिज नगरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम ३0 मा कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । खर्च नभई बाँकी रहेको निम्नानुसार फ्रिज हुने रकम को.ले.नि.का.मा फिर्ता दाखिला नगरी गाउँपालिकामा नै राखेको देखिएकोले उक्त रकम बेरुजु बापत सम्बन्धित सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.<br><br>**अनुदानको किसिम** \| **निकासा** \| **खर्च** \| **बाँकी रकम**<br>संघीय सशर्त अनुदान \| 175683592 \| 164115906.3 \| 11567685.70<br><br>प्रदेश समपुरक अनुदान तर्फ रु. १ करोड निकासा प्राप्त भएकोमा रु. 4690373.28 खर्च भई रु. 5309626.72 बाँकी रहेको छ । उक्त बजेट 2077 फाल्गनमा मात्र फुकुवा भएको र सो अवधि भन्दा अगावै समपुरक अनुदानबाट व्यहोरिने रकम समेत समानीकरण अनुदानबाट खर्च गरिसकिएकोले फिर्ता गर्नु नपर्ने कार्यलयको भनाई रहेको छ ।<br>**(उक्त बेरुजु मिति २०७९।०३।०५ निर्णयबाट फर्छौट गरिएको)** | |
| ९.२ | | | श्री जनकल्याण आधारभूत विद्यालय वडा नं. 3 लाई आदर्श विद्यालय विकास एवं निरन्तरताको लागि भौचर नं. १ बाट 2078/3/29 मा रु. 500000.00 निकासा दिएकोमा कार्यक्रम संचालन नभई बाँकी रहेको पालिकाले जानकारी गराएको हुँदा उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु<br>**(उक्त बेरुजु मिति २०७९।०३।०५ निर्णयबाट फर्छौट गरिएको)** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक बजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास/</td><td>193685780</td><td>119127607.22</td><td>61.51</td></tr>
<tr><td>सामाजिक विकास</td><td>110814157</td><td>97620508.09</td><td>88.09</td></tr>
<tr><td>पूर्वाधार विकास/</td><td>106786755.73</td><td>62287806.14</td><td>58.33</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>14360000</td><td>9236709.67</td><td>64.31</td></tr>
<tr><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>59265700.27</td><td>43859327.62</td><td>74</td></tr>
<tr><td>जम्मा</td><td>484912393</td><td>332131958.74</td><td>68.49</td></tr>
</table>

उपर्युक्त तालिका बमोजिम पुर्वाधार विकासमा सबै भन्दा कम ५८.33 प्रतिशत र सामाजिक विकासमा सबै भन्दा बढी 88.09 प्रतिशत वित्तीय प्रगति भएको छ ।

</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

**खर्च विश्लेषण**

पालिकाले यसवर्ष आन्तरिक आयबाट रु. 8299053.70, राजस्व बाँडफाँड र अनुदानबाट रु. 336436313.96 समेत रु. 344735367.7 आम्दानी भएकोमा चालु तर्फ रु २००५५६८६४.९३ र पुँजीगत तर्फ रु. १३१५७५०९३.८१ समेत रु 332131958.74 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 2.50 प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु. 7737140 खर्च भएको छ जुन आन्तरिक आयको 93.23 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएका सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 59.61 प्रतिशत चालु र 39.11 प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 1 | 90919.65 |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | 24 | 11141428.26 |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | 21 | 12551419.09 |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | 18 | 25439872.97 |
| | **जम्मा** | **64** | **49223639.97** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा १० जना कर्मचारीहरु करारमा राखी रु.२२५६८३६.00 खर्च लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष कर्मचारी कल्याण कोष खडा गरी रकम जम्मा गरेको छैन । | |
| १५ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा बिवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यसवर्ष कुनै पनि उजुरी परेको पाइएन । | |
| १६ | | | **कर तथा शुल्क असुली** | |
| १६.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ ।यस गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भूमि कर | 220000 | 408305.75 | 185.59 |
| बहाल विटौरी कर | 25000 | 14062.5 | 56.25 |
| अन्य बिक्रीबाट प्रात रकम | 0 | 3180 | 3180.00 |
| प्रशासनिक दन्द्ब जरिवाना र जफत | 20000 | 92 | 0.46 |
| सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | 1210000 | 1315983 | 108.76 |
| दहत्तर बहत्तर शुल्क | 45000 | 50000 | 111.11 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | कृषि तथा पशुजन्य व्यवसायको कारोबारमा लाग्ने कर | 500000 | 427500 | 85.50 | |
| | | | व्यक्तिगत सम्पत्तिमा लाग्ने कर | 130000 | 140865 | 108.36 | |
| | | | घर बहाल कर | 1500000 | 2127256.76 | 141.82 | |
| | | | सरकारी सम्पत्तिको बिक्रीबाट प्रापत रकम | 10000 | 555000 | 5550.00 | |
| | | | व्यवसाय कर | 1500000 | 999725 | 66.65 | |
| | | | सिफारिस दस्तुर | 500000 | 549000 | 109.80 | |
| | | | बेरुजु | 25000 | 43642 | 174.57 | |
| | | | विज्ञापन कर | 10000 | 0 | 0.00 | |
| | | | अन्य मनोरञ्जन कर | 25000 | 32500 | 130.00 | |
| | | | परीक्षा शुल्क | 10000 | 23200 | 232.00 | |
| | | | व्यक्तिगत घटना दर्ता दस्तुर | 20000 | 27200 | 136.00 | |
| | | | पार्किङ शुल्क | 300000 | 169312.5 | 56.44 | |
| | | | अन्य कर | 5000 | 6813 | 136.26 | |
| | | | अन्य दस्तुर | 50000 | 90538.04 | 181.08 | |
| | | | नाता प्रमाणित दस्तुर | 25000 | 29800 | 119.20 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अन्य प्रशासनिक सेवा शुल्क | 250000 | 340690 | 136.28 | | |
| | | | | नक्सापास दस्तुर | 1000000 | 32991.63 | 3.30 | | |
| | | | | घर जग्गा रजिस्टेशन दस्तुर | 1000000 | | 0.00 | | |
| | | | | व्यवसाय रजिष्टेशन | 50000 | | 0.00 | | |
| | | | | **जम्मा** | **8430000** | **7387657.18** | **87.64** | | |
| | | | राजस्वको सफ्टवेयर प्रणाली अनुसार आन्तरिक राजस्व तर्फ रु. 7387657.18 आम्दानी देखिएकोमा कार्यालयले एकीकृत आर्थिक विवरणमा रु. 8299053.70 आम्दानी देखाई रु. 911396.52 फरक परेको छ । फरक पर्नाको कारण स्पष्ट गरी राजस्व प्रणालीमा आम्दानी बाँढ्नुपर्दछ । | | | | | | |
| १६.२ | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>
घर भाडा<br>
कार्यालयले सम्झौतामा उल्लेख गरेअनुसारको रकम असुल गरी आम्दानी जनाउनु पर्दछ । यस कार्यालयले कृषि उपज संकलन केन्द्र, घरपझोङ-३, एयरपोर्ट मा रहेको भवन मिति २०७७ श्रावण १ देखि २०७८ असार मसान्त सम्म देहायका व्यक्तिलाई वार्षिक रु. 480000.00 भाडा लिने गरी सम्झौता गरेको पाइयो । सम्झौतामा उल्लेख भएअनुसारको घर भाडा कार्यालयले असुल गरेको अभिलेख राखेको पाइएन, जसले गर्दा घर भाडा कति आम्दानी भएको भनी यकीन गर्न सकिएन । अतः कार्यालयले सम्झौता अनुसारको घर भाडा रकम प्राप्तिको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>व्यक्तिको नाम</th><th>कोठा/सटर</th><th>मासिक भाडा</th><th>वार्षिक भाडा</th></tr>
<tr><td>निर्मल वि.क</td><td>१ सटर</td><td>5000</td><td>60000</td></tr>
<tr><td>रामलाल विश्वकर्मा</td><td>४ कोठा</td><td>9000</td><td>108000</td></tr>
<tr><td>लिला लामिछाने</td><td>१ सटर</td><td>7000</td><td>84000</td></tr>
<tr><td>भरत मगर</td><td>१ सटर</td><td>5000</td><td>60000</td></tr>
<tr><td>भिम माया वि.क</td><td>१ कोठा १ शटर</td><td>7000</td><td>84000</td></tr>
<tr><td>रन माया वि.क</td><td>१ कोठा १ शटर</td><td>7000</td><td>84000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>480000</td></tr>
</table>
(उक्त बेरुजु मिति २०७९।०३।०५ निर्णयबाट फर्छौट गरिएको)
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **आय ठेक्का रकम छुट तथा मिन्हा**<br>पार्किङ शुल्क, बहाल विरौटी (घुम्ती पसल/ हाटबजार) अन्य कर (चरिचरण) सम्बन्धी राजस्व शीर्षकमा सुनिल परियारसँग वार्षिक रु. ३३१000.00 लिने गरी सम्झौता भएकोमा पहिलो किस्ता स्वरुप सम्झौताको ५० प्रतिशतले हुने रकम २०७७ श्रावण ४ मा रु. १६५५00.00 बुझाएको छ । सो पश्चात दोश्रो किस्ता स्वरुप सम्झौताको २५ प्रतिशतले हुने रु. ८२७५०.00 कोभिड-१९ का कारण कुनै पनि शुल्क उठाउन नसकेको भनी दिएको निवेदनको आधारमा गाउँकार्यपालिकाको मिति २०७७ पौष २३ मा बसेको ५४ औँ बैठकको निर्णयबाट छुट गरेको पाइयो। तेश्रो किस्ता स्वरुप सम्झौताको २५ प्रतिशतले हुने रु. ८२७५०.00 कोभिड-१९ का कारण कुनै पनि शुल्क उठाउन नसकेको भनी दिएको पुनः निवेदनको आधारमा गाउँकार्यपालिकाको मिति २०७८ असार २४ गते बसेको ६१ औँ बैठकको निर्णयबाट रु. 82750.00 को ७५ प्रतिशतले हुने रु. 62062.50 छुट गरेको पाइयो । यसरी सम्झौता बमोजिमको रकममा पटक-पटक छुट गरी सम्झौता बमोजिमको राजस्व संकलन नगर्दा पालिकाको राजस्व अनुमानको लक्ष्यले पूर्णता नपाउने देखिन्छ । | |
| १९ | | | **असुली गर्न बाँकी आन्तरिक आय**<br>प्रतिक्रिया बाट फर्छौट भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार रु. २०६८७.5 असुल गर्न बाँकी रहेको छ । सि.नं. ठेकेदारको नाम आय ठेक्काको नाम सम्झौता रकम दाखिला रकम बाँकी रकम कैफियत १. सुनिल परीयार पार्किङ शुल्क, बहाल बिटौरी ३३१००० १६५५०० २०६८७.५ रु.१४४८१२.5<br>(घुम्ती पसल/हाटबजार) गाउँ कार्यपालिकाले<br>अन्य कर (चरिचरण) मिनाहा दिएको। तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.<br>**(मिति २०७९।०३।०५ को निर्णयबाट बेरुजु फर्छौट गरिएको)** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>राजश्व वाँडफाँट<br>कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, 2075 को दफा १५(६) मा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बापत संकलन भएको रकम मध्ये ६० प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा दहत्तर बहत्तर शुल्क वापत रु. 50000.00 आम्दानी गरेकोमा प्रदेश सञ्चित कोषमा जम्मा गरेको पाइएन । अतः कार्यालयले देहाय बमोजिमको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु<br>
<table>
<tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाइ पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr>
<tr><td>दहत्तर बहत्तर शुल्क</td><td>50000</td><td>20000</td><td>0</td><td>20000</td></tr>
</table></td><td>२०,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>विभाज्य कोष<br>गाउँपालिका वा नगरपालिकाले आफ्नो विभाज्य कोष खातामा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बापत संकलन भएको रकम मात्र जम्मा गर्नु पर्दछ । कार्यालयले यस आर्थिक वर्षमा सो भन्दा बाहेक विभिन्न वडाहरुले गरेको राजस्व आम्दानी रु. 15000.00 समेत सो खातामा जम्मा गरेको पाइयो । अतः कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बापत संकलन गरेको आम्दानी भन्दा बाहेको रकम विभाज्य कोष खाताबाट स्थानीय सञ्चित कोषमा सार्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>रकम ढिला दाखिला<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाँइ प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ ।यस पालिका स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>

**स्थानीय सामाजिक सुरक्षा कोष - 2-2077/7/21**

जेष्ठ नागरिकलाई प्रतिब्यक्ति रु. १०००।- का दरले सम्मान गर्न भनी सहायक महिला विकास निरीक्षक श्री सरिता थकालीलाई रु. 262000।- पेश्की दिएकोमा पेश्की फस्र्यौट गर्दा रु. २६०000.00 को मात्र भरपाई संलग्न रहेको र निम्न जेष्ठ नागरिकले भत्ता बुझेको भरपाई नरहेको हुँदा जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्ने रु.

<table>
<tr><th>जेष्ठ नागरिकको नाम</th><th>भत्ता रकम</th><th>कैफियत</th></tr>
<tr><td>कान्छी हिराचन</td><td>1000।-</td><td rowspan="2">भरपाईमा भत्ता बुझेको सहीछाप नरहेको ।</td></tr>
<tr><td>मच्याङ थकाली</td><td>1000।-</td></tr>
</table>

(उक्त बेरुजु मिति २०७९।०३।०५ निर्णयबाट फर्छौट गरिएको)

</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>

**कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँ कार्यपालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ । यो वर्ष विभिन्न पदका 54 कर्मचारीहरुलाई रु. 1958500.०० प्रोत्साहन भत्ता वितरण गरेको छ । पालिकाले कार्यविधिले तोकेबमोजिमका सुचकहरुको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । त्यस्तो अभिलेख बेगर लेखेको खर्च मनासिब देखिएन । अतः यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>

**पदाधिकारी सुविधाः**

</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>

गाउँसभा, नगरसभा, र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ अनुसार गाउँपालिकाले पदाधिकारी र सदस्यले आफू निर्वाचित भ्इ पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले त्यस्तो सुविध वापत २०७७ बैशाख देखि २०७८ असार सम्मको रु. 7737140.०० खर्च लेखेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन:

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | पदाधिकारी सुविधा र आन्तरीक स्रोतको तुलना : उल्लेखित रकम पालिकाले पदाधिकारीलाई सुविधा भुक्तानी गर्दा स्थानीय तहको आन्तरीक स्रोत रु. 8299053.70 मात्र देखिन्छ । ऐनको व्यवस्था बमोजिम आन्तरिक स्रोतको आधारमा मात्र अनुसूची बमोजिमको रकम मात्र सुविधा प्रदान गर्नुपर्दछ । | |
| २५.३ | | | बीमा सुविधा: गाउँसभा, नगरसभा, र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १० मा पदाधिकारी तथा सदस्यलाई रु. १०००० मा नबढ्ने गरी वीमा शुल्क (प्रिमियम) वापत बिल बमोजिमको रकम भुक्तानी गरिने व्यवस्था छ । गो.भौ.न. १५८/२०७७।९।२८, मा वडा सदस्य श्री भुवन कुमारी शेरचनलाई बीमा वापत रु. १९१६० भुक्तानी भएकोमा निजले पेश गरेको बीमा प्रिमियमको प्रमाण रु. ९५८० मात्र रहेको हुँदा बढी भुक्तानी भएको रकम रु. 9580.00 असुल गर्नुपर्ने रु. | ९,५८० |
| २५.४ | | | आयकर ऐन, २०५८ को दफा २२(२)मा प्राकृतिक व्यक्तिले निजको आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नुपर्ने, दफा २३ मा कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही आफ्नो आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्ने तथा दफा ८७ मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिम भुक्तानीमा कर कट्टी हुने व्यवस्था छ । पालिकाले पदाधिकारीको मिति 2077 वैशाख देखि 2078 आषाढ मसान्त सम्म 15 महिनाको सुविधा भुक्तानी गर्दा भुक्तानीमा लाग्ने कर दायित्व भन्दा न्यून करकट्टी गरी भुक्तानी गरेको छ । यसरी घटी कट्टी भएको कर रकम निजहरूबाट असुल गर्नुपर्ने रु. | ६४,९५० |

| **पद** | **नाम थर** | **करयोग्य आय** | **कट्टी हुनपर्ने कर रकम** | **कट्टी भएको कर रकम** | **घटी भएको कर रकम** |
|---|---|---|---|---|---|
| अध्यक्ष | श्री आसबहादुर थकाली | 720000 | ४8500 | 7500 | 41500 |
| उपाध्यक्ष | श्री सर्मिला गुरुङ | 645000 | 30150 | ६७०० | 23450 |
| **जम्मा** | | | | | **64950** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **करार सुविधा**<br>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या¬-१८-२०७३/७४, च.नं.२१७ मिति २०७४/१/२५ को परिपत्र अनुसार करारका कर्मचारीले पाउने सुविधा बारेमा स्पष्ट व्यवस्था गरेको छ। जसअनुसार करारका कर्मचारीले ग्रेड रकम, महंगी भत्ता र स्थानीय वापतको सुविधा पाउने देखिँदैन । पालिकाले सहायक चौथो तह, श्री सविना थकाली सँग करार सम्झौता गर्दा सम्झौताको बुँदा नम्बर ४ मा पाउने पारीश्रमिक चौथो तहको कर्मचारीले पाउने मासिक आधारभुत पारिश्रमिक र अन्य सुविधाको हकमा सोही पदमा रहि यस अघि खाईपाई आए बमोजिम हुने भनि उल्लेख गरेको पाईयो । सो सम्झौताको आधारमा निजलार्इ प्रति महिना रु. ८८७ का दरले ६ ग्रेडको रकम, स्थानीय भत्ता रु. ६१५० र महंगी भत्ता रु. 2000 गरी वार्षिक भुक्तानी भएको पाईयो । यसरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र बिपरित हुनेगरि भुक्तानी भएको ग्रेड, स्थानीय भत्ता र महंगी भत्ता भुक्तानी दिने आधार पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.<br>(उक्त बेरुजु मध्य मिति २०७९।०३।०५ को निर्णयबाट रु.९३१८६ फर्छौट गरिएको) | ७३,८०० |
| २७ | | | **बढी भुक्तानी:**<br>आर्थीक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) अनुसार जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपार्इ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी कार्यसञ्चालन निर्देशिका २०७५ को खर्च सम्बन्धी मापदण्डमा स्थानीय स्तरमा सञ्चालित क्षमता विकास सम्बन्धी अभिमुखीकरण तालिमको मापदण्ड तोकेको छ । गाउँपालिकाले देहायका क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्दा मापदण्ड भन्दा अधिक खर्च लेखेको रकम असुल हुनुपर्ने रु | ३६,६०० |

| **तालिम कार्यक्रम** | **प्रशिक्षक भत्ता भुक्तानी** | | **स्टेशनरी खर्च भुक्तानी** | | **प्रतिवेदकको पारिश्रमिक भुक्तानी** | | **अधिक भुक्तानी खर्च लेखेको** |
|---|---|---|---|---|---|---|---|
| | **हुनुपर्ने** | **भएको** | **हुनुपर्ने** | **भएको** | **हुनुपर्ने** | **भएको** | |
| **गाउँपालिका चालु** | | | | | | | |
| उपभोक्ता समिति अभिमुखिकरण तालिम | | | १५९ जनाको १०० का दरले १५९०० | २७५०० | १५०० | १०००० | २०१०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="8">शसर्त चालु</td></tr>
<tr><td>बाख्रा पालन तालिम २०७७।१२।१८ देखि २०७७।१२।२२</td><td>१५ कक्षाको रु. ७०० का दरले १०५००</td><td>२२५००</td><td></td><td></td><td></td><td></td><td>१२०००</td></tr>
<tr><td>स्याउको माडा, क्याण्डी, प्यान बनाउने तालिम २०७८।१।८ देखि २०७८।१।१२</td><td>१५ कक्षाको ७०० का दरले १०५००</td><td>१५०००</td><td></td><td></td><td></td><td></td><td>४५००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>३६६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु. 473737.00 खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>प्रशासनिक भवन निर्माण</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>(ठे.नं. GRMJ/NCB/08-076/77) निर्माण कार्य गर्न कार्यालयबाट आर्थिक वर्ष २०76।77 मा रु. 77950623.14 (मू.अ.कर सहित) को लागत अनुमान तयार भई उक्त कार्य बोलपत्र मार्फत् गराउन मिति २०७६/10/03 मा प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये घटी अंक रु. 75985429.64 (2.52 प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री डाँफे/हरी/सन्त जे.भी. सँग उक्त कार्य मिति 2078/07/30 भित्र सम्पन्न गर्ने गरी मिति २०७७/01/10 मा सम्झौता भएको देखिन्छ । सो निर्माण कार्यका निर्माण व्यवसायीलाई यस वर्ष रु. 30293049.40 भुक्तानी भएकोमा निम्न व्यहोरा देखियोः-</td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>सो भवन निर्माणको लागि यस वर्ष संघीय सरकारबाट रु. १९०००००००.00, प्रदेश सरकारबाट रु. ५००००००.00 र बाँकी गाउँपालिकाबाट रु. 6293049.40 गरी जम्मा रु. 30293049.40 विभिन्न ३ वटा आई.पि.सि. बाट निर्माण व्यवसायीलाई भुक्तानी भएको छ । भवन निर्माणको हालसम्मको वित्तिय प्रगती 39.87 प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २९.३ | | | निर्माण व्यवसायीले सम्झौताको एस.सि.सि. 19.1 मा व्यवस्था भए अनुसार निर्माण सामाग्री, उपकरणहरू, अन्य सम्पत्ती र कामदारहरूको गरी मिति २०७८/04/16 सम्मको विमा गरेकोमा सम्झौताको अवधी अगावै विमाको म्याद समाप्त हुने भएकाले निर्माण व्यवसायीले विमाको म्याद कम्तीमा सम्झौताको अवधी खाम्ने गरी थप गर्नु पर्ने देखिन्छ । | |
| २९.४ | | | सम्झौताको BOQ मा निर्माण सामाग्रीको गुणस्तर परीक्षणको लागि ल्यावटेस्ट वापत रु. 290000.00 व्यवस्था गरेकोमा निर्माण व्यवसायीले हालसम्म पनि निर्माण समाग्रीको गुणस्तर परीक्षण गरेको पाईएन । निर्माण कार्यमा गुणस्तरियता कायम गर्न सम्झौतामा उल्लेख भए अनुसार समय-समयमा गुणस्तर परीक्षण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| २९.५ | | | प्रशासनिक भवनको लागत अनुमान - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट फलामे डण्डी, इट्टा, ढुङ्गा, स्यानिटरीका समान, जि.आइ.वायर र यस्तै अन्य निर्माण सामग्रीको दर भाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउँपालिकाको प्रशासनिक भवनको निर्माणका लागि रु. 77950623.14 (मू.अ.कर सहित) लागत अनुमान स्वीकृत गरेको छ । लागत अनुमान तयार गर्दा रिइन्फोर्समेन्ट बार १०-२० एम.एम.को कास्की जिल्लाको स्विकृत दररेट प्रति केजी रु. ७४.00 राखी तयार गर्नुपर्नेमा प्रति केजी रु. ७६.00 राखी लागत अनुमान तयार गरेको छ । जसको कारणबाट कार्यालयले तयार गरेको लागत अनुमानमा रु. 220809.00 थप लागत समावेश भएको छ। उक्त कार्य बोलपत्र मार्फत गराउँदा 2.52 प्रतिशत न्यूनमा ठेक्का सकार भई रु. 75985429.64 मा खरिद सम्झौता भएको छ । त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने प्राविधिक तथा स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार गराई यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **स्थानीय पञ्चवर्षीय योजनाको लागत अनुमान**<br>कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्दा स्वीकृत विभागीय नर्मस् र जिल्ला दर रेट अनुसार गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो स्थानीय पञ्चवर्षीय योजना निर्माण र कार्यान्वयनका लागि लागत अनुमान तयार गर्दा योजना तयारीका लागि परामर्शदाताबाट कार्य गराउन लागत अनुमान तयार गर्दा डोलिडारको नर्म्सको आधारमा लागत अनुमान तयार गरेको पाइयो । यसरी लागत अनुमान तयार गर्दा नेपाल सरकारको अधिकृत स्तरको न्यूनतम तलब रु. ३५९९०.00 को २.७ गुणाले हुने रकम रु. ९७१७३.00 मा हिमाली जिल्लाको ५० प्रतिशत थप गरी रु. १४५७६०.00 निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी नेपाल सरकारको अधिकृत स्तरको न्यूनतम तलबमा सोही स्तरको दुर्गम भत्ता रु. ११२५०.00 थप गरी सो रकमको २.7 गुणाले हुने रकम रु. 127548.00 मा हिमाली जिल्लामा कार्य गरेवापत ५० प्रतिशतले हुने रकम थप गरि प्रति महिना रु. १९००००.00 निर्धारण गरेको पाइयो यसरी लागत अनुमान तयार गर्दा प्रति महिना रु. ४४२४०.00 बढी निर्धारण भएको छ । यसरी तयार पारेको लागत अनुमान रु. 1995580.00 र हुनुपर्ने लागत अनुमान रु. 1620646 बिच तुलना गर्दा लागत अनुमान रु. 374934 ले बढी देखिन्छ । जसको कारणबाट कार्यालयले तयार गरेको लागत अनुमानमा रु. 374934.00 थप लागत समावेश भएको छ। उक्त कार्य बोलपत्र मार्फत गराउँदा 0.70 प्रतिशत न्यूनमा ठेक्का सकार भई रु. 1981650.00 मा खरिद सम्झौता भएको छ । कार्यालयले बढी व्ययभार पर्ने गरि लागत अनुमान तयार गरेको हुँदा लागत अनुमान तयार गरी स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने रु. | ३७४,९३४ |
| ३१ | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर घटी कट्टी गरेकोले नपुग कर असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | १५,४९१ |

| गोभौनं./मिति | विवरण | खर्च रकम | कर रकम | कर कट्टी रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|
| स्थानीय पूर्वाधार विकास साझेदारीक कार्यक्रम | | | | | |
| 1-2077/12/27 | होम इलेक्ट्रिक सेन्टर, पोखरा ९ नयाँ बजारबाट इलेक्ट्रिक सामन खरिद | 1750516 | 23237 | 7746 | 15491 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>

**कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले रीत पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यसायीबाट मू.अ.कर रु. 808473.00 समेत रु. 7027500.00 निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त निर्माण व्यवसासयिलाई भुक्तानी दिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>गोभौनं./ मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>भुक्तानी भएको मु.अ.कर</th><th>कैफियत</th></tr>
<tr><td colspan="2">ब.उ.शि.नं. 80441501501</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>50-2078/3/30</td><td rowspan="2">गोर्खा कालिका कन्स्ट्रक्सन नेपाल, काठमाडौँ</td><td rowspan="2">602485465</td><td>बिजक नं. प्रिन्टेड नभई हातले लेखेको (38-2078/3/25)</td><td>2784211</td><td>224215</td><td>70 प्रतिशत</td></tr>
<tr><td>31-2078/1/30</td><td>हातले लेखेको (18-2078/1/29)</td><td>4243289</td><td>244083</td><td>50 प्रतिशत</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>7027500</td><td>468298</td><td></td></tr>
</table>

</td><td>४६८,२९८</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>

**टुक्रा कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा एउटै प्रकृतिका कार्यहरु गर्दा एक भन्दा वढी टुक्रा पारी कार्य गर्न नहुने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा कर्मचारी आवास निर्माण कार्यका लागी मिति २०७७।५।२४ मा क्षितिज निर्माण सेवा, जोमसोम सँग मिति 2077/7/30 मा निर्माण कार्य सम्पन्न गर्ने गरी रु. 1927548.86 को सम्झौता गरेको छ । पुनः कार्यालयले कर्मचारी आवास निर्माणको लागि कोठा थप गर्न मिति 2077/६/12 मा दिनेश निर्माण सेवासँग रु. 497920.16 मा सम्झौता गरेको पाइयो । यसरी एउटै भवन निर्माण गर्न प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी विभिन्न निर्माण व्यवसायीहरु सँग सम्झौता गर्नु नियम सम्मत देखिएन । यस्तो प्रकृतिको कार्यमा नियन्त्रण हुनु पर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **भेरियसन आदेश**<br>निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच र सिफरिसका आधारमा गर्नुपर्दछ । कार्यालयले यस वर्ष बहुउद्देशिय सभाहल निर्माणका लागि कोमल कन्स्ट्रक्सन सँग रु. ११644366.82 सम्झौता गरेको पाइयो । सभाहल निर्मणको अन्तिम बिल भुक्तानी गर्दा रु. ११792212.46 को ठेक्का बिल प्राविधिक शाखाबाट सिफारिस भई सोही अनुसार निर्माण व्यवसायीलाई भुक्तानी भएको पाइयो । यसरी भेरियसन आदेश बेगर निर्माण व्यवसायीलाई सम्झौता रकम भन्दा बढी रु. 147845.64 भुक्तानी गरेको छ । भेरिएसन आदेश बेगर सम्झौता रकम भन्दा बढी भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु. | १४७,८४५.६४ |
| ३५ | | | **निर्माण कार्यको भुक्तानी बढि**<br>निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच र सिफरिसका आधारमा गर्नुपर्दछ । कार्यालयले यस वर्ष बहुउद्देशिय सभाहल निर्माण कार्यको ठेक्का बिलको अन्तिम बिल भुक्तानी गर्दा प्राविधिकले चेक जाँच गरी नापी किताबमा चढाएको परिमाण भन्दा देहाय बमोजिम बढी परिमाणमा भुक्तानी गरेको पाइयो । यसरी नापी किताबमा चढाइएको आइटम भन्दा बढी आइटमको भुक्तानी सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी दाखिला हुनुपर्ने रु. | १८,३०६ |

| **विवरण** | **ठेक्का बिलमा भएको** | | **नापी किताबमा भएको** | **फरक** | **बढी भुक्तानी रु** |
|---|---|---|---|---|---|
| | **परिमाण** | **दर** | **परिमाण** | **परिमाण** | |
| 110 mm PVC AV Rain Water 6 $kg/cm^2$ | **24 र.मि.** | **500** | - | **24 र.मि.** | **12000** |
| 1110 mm DIA UPVC Plain Tee | **9** | **400** | **3** | **6** | **2400** |
| 110 mm DIA UPVC | **12** | **300** | **6** | **6** | **1800** |
| **जम्मा** | | | | | **16200** |
| **मू.अ.कर 13 %** | | | | | **2106** |
| **कुल जम्मा** | | | | | **18306** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **बढी खर्च**<br>गाँउपालिकाले पुल्चोक क्षेत्रमा तटबन्ध योजना उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी गर्दा प्राविधिक चेक जाँचबाट रु. 992000.00 भुक्तानीका लागि सिफारिस भएकोमा भुक्तानी गर्दा रु. 1000000.00 भुक्तानी भएको हुँदा बढी भुक्तानी रु. ८000.00 सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु | ८,००० |
| ३७ | | | **सक्कल बिल बेगर भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यवस्था छ । गाउँपालिकाले गो.भौ.नं. 79 मिति 2077/9/28 (गा.पा. पुँजिगत) अन्तर्गत मार्फा गाउँको माथिल्लो ढोङ्ग खेतमा सिँचाइ तथा गरा सुधार योजना उपभोक्ता समितिलाई कार्य सम्पन्न पश्चात अन्तिम बिल भुक्तानी गर्दा सिमेन्ट खरिद बापत ए.एच. सप्लायर्स, पोखराको रु. 113163.60 (मु.अ.कर समेत) को फोटोकपी बील पेश गरेको आधारमा भुक्तानी गरेको हुँदा सोको सक्कल बिल भरपाई पेश हुनु पर्ने रु.<br>**(उक्त बेरुजु मिति २०७९।०३।०५ निर्णयबाट फर्छौट गरिएको)** | |
| ३८ | | | **नदी तट्बन्धन कार्य** | |
| ३८.१ | | | जोमसोम स्थित सशस्त्र प्रहरी बलको क्याम्प देखि कालिगण्डकी नदिको पक्की पुलसम्म दुबै किनारामा पक्की तट्बन्धन निर्माण कार्यको लागि निर्माण व्यवसायी एपेक्स अमित जे.भी., कास्कीसँग शुरु सम्झौता रु. 94297685.10 को भेरियसन पछि रु. 108044756.88 को खरिद सम्झौता कायम भई अन्तिम बिल सम्म रु. 107486814.71 भुक्तानी भई निर्माण कार्य मिति 2078/3/30 मा सम्पन्न भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् | |
| ३८.२ | | | क. भेरिएसन - सार्वजनिक खरिद ऐन, 2063 को दफ ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था बमोजिम गाउँ कार्यपालिकाबाट मिति २०७८/3/8 मा 8.60 भेरियसन आदेश स्वीकृत भई संशोधित सम्झौता रकम रु. 108044756.88 कायम भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.३ | | | क. पालिका र निर्माण व्यवसायी बिच मिति 2077/1/9 मा भएको सम्झौताको GCC-71.2 मा काम सम्पन्न भई अन्तिम बिल भुक्तानी गर्दाका बखत एजबिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने र सोही सम्झौताको SCC मा एजबिल्ट ड्रइङ्ग 2078/3/29 सम्म पेश गर्नुपर्ने एवं पेश गर्न नसकेमा रु. 100000.00 रोक्का गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीबाट एजबिल्ट ड्रइङ्ग नै पेश नभएको अवस्थामा समेत एजबिल्ट ड्रइङ्ग तयारी बापत रु. 41624.49 भुक्तानी दिएको हुँदा उक्त रकम असुल गर्नुपर्ने साथै एजबिल्ट ड्रइङ पेश नगरेकोले रु. १ लाख समेत रोक्का गर्नुपर्ने रु. | १४१,६२४.४९ |
| ३८.४ | | | क. सम्झौता बमोजिम प्रोभिजनल सम मा राखिएको कार्यको रकम भुक्तानी दिंदा खर्चको बिल बिजक पेश गर्नु पर्दछ । कार्यालयले निर्माण व्यवसायीलाई होर्डिङ बोर्डको बिल संलग्न नगरी भौ.नं. 197 बाट मिति 2078/3/30 मा रु. 10000.00 भुक्तानी दिएको हुँदा उक्त रकम असुल गर्नुपर्ने रु. | १०,००० |
| ३८.५ | | | क. सार्वजनिक खरिद नियमावली, 2064 को नियम १११ तथा ठेक्का सम्झौता बमोजिम निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा, सिमेन्ट, छड, बालुवा, जि.आई तार, कंक्रिट मिक्स डिजाइनको गुणस्तर परिक्षण गर्नुपर्दछ । गुणस्तर परीक्षण कार्यको लागि BOQ मा रु. 200000.00 को व्यवस्था भएकोमा छड, जि.आई तार र बालुवाको गुणस्तर एकपटक मात्र परिक्षण गरि रु. 13000.00 भुक्तानी भएको छ । सम्झौता बमोजिम सिमेन्ट, ढुंगा कंक्रिट मिक्स डिजाईनको गुणस्तर परीक्षण गरेको देखिएन । सम्झौता बमोजिम आवश्यक मात्रा र फ्रिक्वेन्सीमा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.६ | | | क. तटबन्ध निर्माण कार्यको स्थलगत निरिक्षण गर्दा 2078 श्रावणमा कालीगण्डकी नदीमा आएको बाढीबाट उक्त निर्माण कार्यमा क्षति पुग्न गई नदी किनाराका दायाँ तर्फका 7.5 मीटर लम्बाइका 2 वटा र बायाँ किनार तर्फका 10 मिटर लम्बाइका 2 वटा समेत गरी कुल ३५ मिटर लम्बाईको आर.सि.सि. वाल (शियरवाल) ढल्किएको र विभिन्न स्थानमा ग्याबियन बक्स लच्किएको, धसिएको देखियो।स्थलगत भ्रमणमा संलग्न प्राविधकका अनुसार उक्त वालको जगको गहिराई (स्कोरिङ्ग डेप्थ) कम हुन गएको जानकारी प्राप्त भयो ।साथै जलश्रोत तथा सिँचाइ विकास सव-डिभिजन कार्यालय मुस्ताङबाट भएको यस्तै प्रकृतिको कार्यामा वालको टेल पोर्सनमा 0.50 देखि १ मिटर लम्बाईको रिटर्न वाल समेत दिई शियर वाल निर्माण गरेकोमा गाउँपालिकाबाट भएको डिजाइन तथा निर्माण कार्यमा रिटर्न वाल समावेश गरेको देखिएन । रिटर्न वालले नदीबाट जगमा हुने स्कोरिङ्गलाई रोक्ने प्राविधिकहरुबाट जानकारी हुन आयो । अतः यस तर्फ गाउँपालिका कार्यालयको ध्यान जानु पर्दछ । निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार उक्ता ठेक्का कार्यको बीमा समेत भएको छ । बीमा कम्पनी (सगरमाथा इन्सुरेन्स कम्पनी)सँग निर्माण कार्यमा भएको क्षतिको दाबि गरि सो को प्राप्ती गर्ने तर्फ समेत पहल हुनु पर्दछ । लेखापरीक्षणको क्रममा कार्यालयका प्राविधकबाट तयार भएको लागत अनुमान अनुसार उक्त क्षतिको पुनः निर्माण गर्नका लागि रु. 5148779.12 लाग्ने देखिएको छ । कार्यालयले सम्झौता बमोजिम त्रुटि सच्याउने अवधि भित्र निर्माण व्यवसायीबाट पुनः निर्माण गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. क्षतिग्रस्त सियर वाल | ५,१४८,७७९.१२ |
| ३९ | | | **योजना सम्झौता सफ्टवेयर**<br>गाउँपालिकाले योजना सम्झौता सफ्टवेयर जडान गर्ने सम्बन्धमा सफ्टवेयर हब नेपाल प्रा.लि., कुपन्डोल-10 सँग मिति 2077/9/27 गते रु. 300000.00 (मू.अ.कर समेत) भुक्तानी गर्ने गरी सम्झौता गरेको पाइयो । सम्झौताको बुंदा नं. ५ मा सफ्टवेयर तयार गरी जडान गरिसकेपछि सफ्टवेयर निर्माताले सो को प्रस्तुतीकरण, तालिम र प्रस्तुतीकरणमा प्राप्त सुझावहरु पश्चात मात्र बुंदा नं. ६ अनुसार सम्झौता बमोजिमको रकम उपलब्ध गराउने उल्लेख गरेको छ । सफ्टवेयर निर्माताले सम्झौताको भोलि पल्त अर्थात मिति 2077/9/28 मा कार्यालयमा सफ्टवेयर जडान गरी तालिम र प्रस्तुतीकरण कार्य समेत सम्पन्न भएको हुँदा भुक्तानी पाउँ भनी निवेदन पेश गरेको र सोही मितिमा भुक्तानी समेत भएको पाइयो। सफ्टवेयरका सम्बन्धमा कार्यालयसँग बुझ्दा लेखापरीक्षण अवधि सम्म पनि सो सफ्टवेयर संचालनमा नआएको र सो संचालन सम्बन्धी तालिम अझै लिन आवश्यक भएकोले पूर्ण रुपमा संचालन भएको पाइएन। यसरी सम्झौता अनुसार जडान पश्चात तालिम प्रश्तुतीकरण र पूर्ण रुपमा संचालन गरी भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी भएको हुँदा भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने रु. | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो वर्ष विभिन्न 64 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु 49223639.97 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ४१ | | | **जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । मार्फा गाउँको बिजुलीको तारलाई भुमिगत गर्ने कार्यका लागी रु. 30,32,408.20 को लागत अनुमान तयार गरी कार्यालयबाट उपभोक्ता समितिलाई रु. 2592254.00 भुक्तानी भएको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। साथै सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10 बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त विद्युतिकरण कार्यको लागत अनुमान तयार गर्दा कुनै आधार खुलाएको छैन । कार्यालयले निर्माण कार्यको नियमानुसार लागत अनुमान तयार गर्नुपर्दछ। | |
| ४२ | | | **जनश्रमदान**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १५३,८३२ |

| गोभौनं./मिति | योजना | सम्झौता | कार्य सम्पन्न | खर्च रकम | कार्यालयले | घटी अनुपातिक |
|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **रकम** | **रकम** | | **व्यहोर्ने प्रतिशत** | **कट्टी रकम** | |
| | | | गा.पा पुँजिगत | | | | | | | |
| | | | 169-2078/3/29 | फलफुल संकलन केन्द्रमा सौचालय व्यवस्था, ठिनि | 721652 | 686676 | 583500 | 83.14 | 12597 | |
| | | | 48-2077/8/21 | जनहित पछाडी बाँकी रहेको नाला तथा ढल व्यवस्थापन, जोमसोम | 361637 | 330156 | 280000 | 82.93 | 6202 | |
| | | | 22-2077/7/26 | सम्ले सिँचाइ तथा ढल निर्माण, वडा नं. ५ | 589612 | 559343 | 500000 | 84.80 | 25677 | |
| | | | 184-2078/3/30 | घरपझोङ किल्लामा छोर्तेन निर्माण | 1838199 | 532931 | 453000 | 81.60 | 18128 | |
| | | | 144-2078/3/26 | मार्फा बस्ती पछाडी ढल निकास तथा वृक्षारोपण | 1179256 | 1130162 | 960638 | 84.80 | 2260 | |
| | | | 19-2077/7/26 | ढुम्बा सिँचाइ मुहान मर्मत, वडा नं. छ | 589475 | 567793 | 500000 | 84.82 | 18398 | |
| | | | 78-2078/9/27 | स्याङफोलामा बत्ती बाल्ने घर निर्माण, वडा नं. ३ | 477931 | 460833 | 391700 | 83.69 | 6029 | |
| | | | शसर्त चालु | | | | | | 0 | |
| | | | 203-2078/3/30, 199-2078/3/31 | जिल्ला खेलकुद कभर्ड हल निर्माण, जोमसोम | 4097965 | 3163258 | 2688700 | 83.62 | 43584 | |
| | | | शसर्त पुँजिगत | | | | | | 0 | |
| | | | 45-2078/327 | मार्फ स्याउ पार्क निर्माण, मार्फा | 608980 | 434772 | 369556 | 82.10 | 12608 | |
| | | | 41-2078/3/27 | निरगीरी बेशक्याम्प सेट निर्माण | 599468 | 525298 | 446500 | 83.41 | 8349 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|

| जम्मा | | | | | 153832 |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **उपभोक्ता समितिलाई ओभरहेड** | २१५,५१० |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | लागत अनुमान ओभरहेड समेत | सम्झौता रकम ओभरहेड समेत | भुक्तानी रकम | भुक्तानी मध्ये ओभरहेड रकम |
|---|---|---|---|---|---|
| 34-2077/7/27 (गा.पा. पूँजीगत) | मिनी मुस्ताङ पार्कको पूर्वाधार निर्माण उ.स. / पर्खाल निर्माण कार्य | 2265057.15 | 2000000 | 2000000 | 215510 |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **सवारी साधन खरिद** | |

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 1 थान मोटरसाइकल सवारी साधन खरिदमा रु. 224000.00 खर्च गरेको पाइयो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** | |

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 8 वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| 1. | जनहित मा.वि. | 25 | 25 | 6 | 353 | 1:14.12 |
| 2. | जनवाल मा.वि. | 20 | 17 | 1 | 107 | 1:6.29 |
| 3. | | 14 | 14 | 1 | 66 | 1:4.71 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जनकल्याण आ.वि. | | | | | |
| 4. | नमुना आ.वि. | 9 | 8 | 0 | 34 | 1:4.25 |
| 5. | मुक्ति नमुना आ.वि. | 7 | 7 | 0 | 18 | 1:2.57 |
| 6. | निरगिरी आ.वि. | 4 | 4 | 0 | 8 | 1:2 |
| 7. | छैरो आ.वि. | 5 | 5 | 0 | 15 | 1:3 |
| 8. | ढुम्बा आ.वि. | 5 | 5 | 1 | 14 | 1:2.8 |
| **जम्मा** | | **89** | **85** | **9** | **615** | |

विद्यालयमा समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाइ जिल्ला शिक्षा अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको वुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा प्रति शिक्षक विद्यार्थी अनुपात १:2 देखि १:१४ भएका 8 विद्यालय रहेको प्राप्त विवरणवाट देखिन्छ । ती 8 विद्यालयमा 615 विद्यार्थी अध्यापन गराउन 85 शिक्षकको तलव भत्ता वापत रु. 33477589.00 खर्च लेखेको छ। सो अनुसार प्रति विद्यार्थी रु. 54435.1 खर्च भएको छ । यसवाट प्रति विद्यार्थी लागत वढ्न गएको छ। भौगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **बढी निकासाः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइ मार्फत् विद्यालय शिक्षक किताबखानाबाट पारित गराइ सो प्रतिवेदनका आधारमा तलब भत्ता रकम अनुदान निकासा दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका विद्यालयलाई शिक्षक तलब एवं विद्यालय कर्मचारीको तलब भत्ता वापतको रकम निकासा दिँदा देहाय अनुसार बढी निकासा दिएको देखियो । निकासा हुनुपर्ने भन्दा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. | ४०,०१९.४ |

| **सि.** | **विवरण** | **निकासा** | **निकासा** | **फरक रकम** | **कैफियत** | |
|---|---|---|---|---|---|---|


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| नं. | | हुनुपर्ने ग्रेड वापतको रकम | भएको ग्रेड वापतको रकम | | |
|---|---|---|---|---|---|
| 1. | जनवाल मा.वि. मा.वि.द्वितिय शिक्षक टेक बहादुर रानाको श्रावण महिनामा ग्रेड बापतको रकम निकासा | ११७१०.२० | १३१९०.८० | १४८०.६० | तलवी प्रतिवेदनमा पारित ग्रेड संख्या ७ र ग्रेड संख्या ८ को रकम निकासा (अधिक निकासा १ ग्रेडको र क.सं.कोष १० प्रतिशत थप समेत) |
| 2. | जनहित मा.वि., प्रावि तृतिय कल्पना भट्टचनका प्रथम दोस्रो एवं तेस्रो चौमासिक ग्रेड वापतको रकम | ० | १२५९५.४० | १२५९५.४० | तलवी प्रतिवेदनमा पारित ग्रेड नभएको र ग्रेड संख्या १ को रकम निकासा (अधिक निकासा १ ग्रेडको र क.सं.कोष १० प्रतिशत थप समेत) |
| 3. | जनकल्याण आ.वि. प्रा.वि.तृतिय शिक्षक अरुणा थकालीको प्रथम दोस्रो एवं तेस्रो चौमासिक ग्रेड बापतको रकम निकासा | ० | १२५९५.४० | १२५९५.४० | तलवी प्रतिवेदनमा पारित ग्रेड नभएको र ग्रेड संख्या १ को रकम निकासा (अधिक निकासा १ ग्रेडको र क.सं.कोष १० प्रतिशत थप समेत) |
| 4. | जनकल्याण आ.वि. प्रा.वि.द्वितिय शिक्षक सुनदेवी थकालीको प्रथम दोस्रो एवं तेस्रो चौमासिक ग्रेड बापतको रकम निकासा | ५३३९२.०० | ६६७४०.०० | १३३४८.०० | तलवी प्रतिवेदनमा पारित ग्रेड संख्या ४ र ग्रेड संख्या ५को रकम निकासा (अधिक निकासा १ ग्रेडको र क.सं.कोष १० प्रतिशत थप समेत) |
| | जम्मा | | | ४००१९.४० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **सामाजिक परीक्षण र वित्तीय लेखा परिक्षण:**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०77।७8 बमोजिम यस गाउँपालिका अन्तर्गतका दुर्इ माध्यमिक विद्यालय र छ आधारभूत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत र. ९००००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवाफदेहिताको र सुनिश्चितताका साथै दोस्रो चौमासिक निकासा दिँदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । नियममा व्यवस्था भए बमोजिमको कार्य गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४८ | | | **अनुगमन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु. १०८८००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.१७८०००।- गरी आठ विद्यालयहरुलाई रु.२८६४००।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ । | |
| ४९ | | | **नमूना विद्यालयमा प्रोत्साहन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ अनुसार नमूना विद्यालयको गुरूयोजना स्थानीय तहबाट स्वीकृत भर्इ सञ्चालनमा रहेका विद्यालयका प्रधानाध्यापकसँग स्थानीय तहले कार्य सम्पादन करार गरी प्र.अ. र शिक्षकका लागि प्रोत्साहन अनुदान उपलब्ध गराउने र प्रधानाध्यापकले आफ्नो विद्यालयका माध्यमिक तहका कम्तीमा ३ जना विषय शिक्षकसँग कार्यसम्पादन करार गरी सोको प्रगति नियमित रूपमा स्थानीय तह र शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले श्री जनहित माध्यमिक विद्यालयलार्इ सो अनुदान वापत रु. २००००० निकासा दिएकोमा स्थानीय तहले प्रधानाध्यापकसँग तथा प्रधानाध्यापकले माध्यमिक तहका कम्तीमा ३ जना विषय शिक्षकसँग कार्यसम्पादन करार गरेको नदेखिएकोले सो अनुदानको निकासा नियमसम्मत नदेखिएको रु.<br>**(उक्त बेरुजु मिति २०७९।०३।०५ निर्णयबाट फर्छौट गरिएको)** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **हिमाली आवासीय छात्रवृत्ति**<br>(गो.भौ.नं. 87-2077/12/12 र 124-2078/2/24) कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं. ७.२.१.१ अन्तर्गत अवसामा बसी अध्ययन गर्ने विद्यार्धीहरुका लागि प्रति महिना ४ हजारको दरले दश महिनाको ४०,००० अनुदान दिने व्यवस्था छ । २०७७ को शैक्षिक सत्रमा जनहित माध्यमिक विद्यालयलाई हिमाली आवासीय छात्रवृत्ति वापत १०३ विद्यार्थी कोटाको लागि भनी एकमुष्ट रु. ३५२७४०० रकम निकासा दिएको छ । उक्त सत्रका केही महिना कोभिड¬ १९ माहामारीका कारण बन्दाबन्दी तथा निषेधाज्ञा कायम रहेको अवस्थामा विद्यालय कति अवधि सञ्चालन भएको थियो भन्ने कुरा यकिन नगरी एकमुष्ट रकम निकासा दिएकोले विद्यालयमा कति अवधि छात्रावास सञ्चालन गरिएको थियो र सो अवधिमा कति विद्यार्थी छात्रावासमा रहेका थिए सोको प्रमाण, खर्च पुस्ट्याई गर्ने कागजात एवं गाउँपालिकाको अनुगमन प्रतिवेदन समेत पेश गर्नुपर्ने देखिएको रु.<br>**(उक्त बेरुजु मिति २०७९।०३।०५ निर्णयबाट रु.२८९०७५४ फर्छौट गरिएको र बाँकि रु ६३६६४६ असुल गर्नुपर्ने बेरुजु कायम)** | ६३६,६४६ |
| ५१ | | | **औषधी खरिद** | |
| ५१.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरि शिलवन्दि दरभाउपत्र द्वारा रु. 1896034.25 को औषधि खरिद गरेको छ । | |
| ५१.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ५१.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५१.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.५ | | | औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरीएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **अधुरो आयोजना**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम 3६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष जोमसोम देखि भ्यू टावर जाने पदमार्ग निर्माण योजनाका लागी एपेक्स अमित जे.भी.सँग मिति 2078/3/30 मा सम्पन्न गर्ने गरी 2077/1/9 मा रु. 61539301.34 को ठेक्का सम्झौता गरेको छ। यस वर्ष उक्त निर्माण कार्यका लागि दोस्रो रनिङ्ग बिलसम्म रु. 20342011.00 निर्माण व्यवसायीलाई भुक्तानी गरी सम्झौता बमोजिमको कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदन बनाएको छ । कार्यालयले सम्झौता अनुरुप कार्य सम्पन्न नभएको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन तयार गर्न मिल्ने देखिँदैन । आर्थिक वर्ष 2078/79 मा यस योजनाको लागि बजेट व्यवस्था भएको पाइएन । पालिकाले अधुरो योजना पुरा गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । कार्यालयको भनाई - बजेट माग भएको एवं निर्माण व्यवसायीलाई कोभिडको कारण म्याद थप गर्नुपर्ने अवस्था रहेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कार्यक्रम कार्यान्वयन**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयवाट वडा नं. ४ को जनहित माध्यामिक विद्यालयलाई नमूना विद्यालय वनाउने कार्यक्रम अनुरुप आईसिटी ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन जस्ता पूर्वाधार निर्माणमा खर्च गर्नको लागि यस वर्ष रु.14951000.00 बजेट व्यवस्था भएकोमा यस वर्ष पालिकाले छात्रबास निर्माण कार्यको लागि निर्माण व्यवसायी हरि/सन्त जे.भी.सँग रु. 28738825.45 को ठेक्का सम्झौता गरी रु. 5000000.00 मा पेश्की दिई बाँकी रकम रु. 9741606.50 आर्थिक वर्षको अन्त्यमा विद्यालयको खातामा निकासा दिएको छ । मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिकाको दफा ८५ मा नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान दिनु पर्नेमा गुरुयोजना नै स्वीकृत नभई ठेक्का सम्झौता गरी पेश्की दिने र बाँकी रकम विद्यालयलाई निकासा दिने कार्य औचित्यपूर्ण देखिएन । कार्य निर्देशिका अनुसार गुरुयोजना स्वीकृत नभै बजेट खर्च गर्न मिल्ने देखिँदैन। यसरी आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नगराउने उद्देश्यले निकासा दिने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । साथै निकासा रकमको खर्चको विवरण एवं छात्रावास निर्माण कार्यको प्राविधक मुल्यांकन समेत पेश गर्नुपर्ने देखिएको रु. | ९,७४१,६०६.५ |
| ५४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ५ वडाहरुमा गोरेटो बाटो मर्मत सम्भार, सिँचाइ कुलो सफा गर्ने लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 99 जनालाई रोजगारी उपलव्ध गराई रु. 4107048.00 खर्च गरेको छ । लक्षित वर्गलाई 16 दिनदेखि 90 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ५५ | | | **निकासा**<br>यस गाउँपलिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ 5 वटा वडाका ४०१ जना लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न दुई वटा वैंकलाई प्रथम चौमासिकमा रु. 3797867.00, दोस्रो चौमासिकमा रु. 3810227.00 र तेस्रो चैमासिकमा रु. 3821728.00 गरी तीन चौमासिकको जम्मा रु. 11429822.00 निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **बढी भुक्तानी**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा १५ (२) मा भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । प्राप्त अभिलेख अनुसार देहायका व्यक्तिहरुको मृत्यु भएको देखिएकोमा मृत्यु पश्चातको अवधिको लागि समेत निकासा दिएको रु. 17100.00 असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने रु. | ५,२०० |

| वडा नं. | किस्ता | सामाजिक सुरक्षाको किसिम | लाभग्राहीको नाम | मृत्यु मिति | लगत कट्टा मिति | निकासा दिनु पर्ने | निकासा दिएको | बढी |
|---|---|---|---|---|---|---|---|---|
| 4 | 3 | जेष्ठ नागरिक | कर्म छिरिङ गुरुङ | 2078/2/10 | 2078/5/4 | 7000 | 12000 | 5000 |
| 5 | 1 | जेष्ठ नागरिक | शंख लाल परियार | 2077/5/8 | 2077/6/20 | 3800 | 8000 | 4200 |
| 4 | 3 | जेष्ठ नागरीक | सोनम दोल्म गुरुङ | 2078/1/16 | 2078/2/26 | 4600 | 8600 | 4000 |
| 5 | 1 | जेष्ठ नागरिक | कर्म छेकोव पकाली | 2077/5/11 | 2077/6/20 | 4100 | 8000 | 3900 |
| **जम्मा** | | | | | | | | **17100** |

**(उक्त बेरुजु मध्ये मिति २०७९।०३।०५ निर्णयबाट रु. ११९०० फर्छौट गरिएको)**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **लाभग्राहीको अभिलेख**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा 10 मा लाभग्राहीहरुको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची 3 बमोजिम लक्षित समूहअनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका कार्यालयले आर्थिक वर्ष २०७७।७८ मा बितरण गरेको सामाजिक सुरक्षा भता बितरण अभिलेखमा निम्न लाभग्रहिहरुको भरपाईमा नागरिकता नम्बर उल्लेख गरेको देखिएन । यसरी भत्ता बितरण गर्दा वास्तबिक लाभग्राही हरुले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अतः पालिका कार्यालयलबाट यस्तो भत्ता बितरण भरपाईमा अनुसुची-५ मा उल्लेख भए बमोजिमको व्यहोरा अध्यावधिक गर्नु पर्दछ । | |

| ब्याच नम्बर | लाभग्राहीको किसिम | लाभग्राहीको नाम | किस्ता | वडा नं. | जन्म मिति | रकम |
|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 12547 | जेष्ठ नागरीक | लाल देवी ज्वार्चन | 1 | 2 | 03-05-2006 | 12000 | |
| | | | | 12547 | विधवा | रोजिना हिराचन | 1 | 2 | 29-08-2040 | 8000 | |
| | | | | 12547 | ख वर्गको आपाङ्गता | आइत बहादुर दमाई | 1 | 2 | 06-10-2029 | 6400 | |
| | | | | 12547 | ख वर्गको आपाङ्गता | मन कुमारी विश्वकर्मा | 1 | 2 | 05-02-2030 | 6400 | |
| | | | | 12547 | ख वर्गको आपाङ्गता | सोम कुमारी बि.क. | 1 | 2 | 05-01-2030 | 6400 | |
| | | | | 12556 | क वर्गको आपाङ्गता | सफल सान थकाली | 1 | 3 | 29-09-2060 | 12000 | |
| | | | | 25959 | जेष्ठ नागरीक | लाल देवी ज्वार्चन | 2 | 2 | 03-05-2006 | 12000 | |
| | | | | 25959 | विधवा | रोजिना हिराचन | 2 | 2 | 29-08-2040 | 8000 | |
| | | | | 25959 | आंशिक आपाङ्गता | आइत बहादुर दमाइ | 2 | 2 | 06-10-2029 | 6400 | |
| | | | | 25959 | आंशिक आपाङ्गता | मन कुमारी विश्वकर्मा | 2 | 2 | 05-02-2030 | 6400 | |
| | | | | 25959 | आंशिक आपाङ्गता | सोम कुमारी बि.क. | 2 | 2 | 05-01-2030 | 6400 | |
| | | | | 25961 | पूर्ण आपाङ्गता | सफल सान थकाली | 2 | 3 | 29-09-2060 | 12000 | |
| | | | | 25961 | आंशिक आपाङ्गता | अरुश परियार | 2 | 3 | 02-01-2072 | 6400 | |
| | | | | 36841 | जेष्ठ नागरीक | लाल देवी ज्वार्चन | 3 | 2 | 03-05-2006 | 12000 | |
| | | | | 36841 | विधवा | रोजिना हिराचन | 3 | 2 | 29-08-2040 | 8000 | |
| | | | | 36841 | आंशिक आपाङ्गता | आइत बहादुर दमाई | 3 | 2 | 06-10-2029 | 6400 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 36841 | आंशिक आपाङ्गता | मन कुमारी विश्वकर्मा | 3 | 2 | 05-02-2030 | 6400 | | |
| | | | | 36841 | आंशिक आपाङ्गता | सोम कुमारी बि.क. | 3 | 2 | 05-01-2030 | 6400 | | |
| | | | | 37399 | आंशिक आपाङ्गता | अरुश परियार | 3 | 3 | 02-01-2072 | 6400 | | |
| | | | | **जम्मा** | | | | | | **154400** | | |
| ५८ | | | **नवीकरण**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७7 को दफा 4 मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षमा कार्तिक मसान्तभित्र लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रुपमा प्राणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नवीकरण गरेको पाइएन । नवीकरण नभएको लाभग्राहीहरुको नवीकरण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | | | | | | | | | |
| ५९ | | | **अनुगमन तथा निरीक्षण**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन यस तर्फ पालिकाले क्रियासिल हुनुपर्ने देखिन्छ । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले विपत व्यवस्थापन सम्बन्धी कार्य योजना बनाएको पाइएन । गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष र अन्य स्रोत रकमबाट विभिन्न किसिमका राहत वितरण र कोभिड-19 रोकथाम, नियन्त्रण र व्यवस्थापन कार्यमा रु. 2338026.00 खर्च गरेको छ ।पालिकाले विपद व्यवस्थापन सम्बन्धी कार्य योजना बनाई खर्च गर्नु पर्दछ । | |
| ६१ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६२ | | | **कोभिड-19 रोकथाम, उपचार तथा नियन्त्रण** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२.१</td><td></td><td></td><td>आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत वर्षको बाँकी</td><td>3694905</td><td>राहत वितरण</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td>0</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>439320</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>0</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>1144243</td></tr>
<tr><td>गण्डकी प्रदेश सरकारबाट</td><td>496801</td><td>आइसोलेसन केन्द्र व्यवस्थापन</td><td>4950</td></tr>
<tr><td>गाउँपालिका र अन्यबाट</td><td>474115</td><td>खोप कार्यक्रम तथा स्वाप संकलन</td><td>404025</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>238113</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td>107375</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>2327795</td></tr>
<tr><td>जम्मा</td><td>4665821</td><td></td><td>4665821</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२.२</td><td></td><td></td><td>कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि सवारी साधन भाडा वापत रु. 328000.00 खर्च लेखेकोमा कोभिड एम्बुलेन्स संचालनको लागि सम्झौता गरि रु. 270000.00 र खोप संचालनको लागि सम्झौता बेगर रु. 58000.00 खर्च लेखेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को परिच्छेद-५ मा पेश्की प्रदान गर्ने फस्यौंट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ । कार्यालयबाट पेश भएको फस्यौंट गर्न बाँकी पेश्कीको विवरण अनुसार गत विगत आर्थिक वर्षको म्याद ननाघेको मोबिलाइजेशन पेश्की रु. 36662195.00 यो वर्ष दिएको म्याद ननाघेको मोबिलाइजेशन पेश्की रु. 5000000.00 यस आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट हुना बाँकी रहेको देखिन्छ । उक्त पेश्की आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली र खरिद सम्झौता बमोजिम फस्यौंट हुनुपर्दछ ।<br><br>**सि.नं.** / **गो. भौ. नं. र मिति** / **पेश्की लिनेको नाम** / **रकम**<br>1 / 34-२०७८/०३/०३ / हरि। सन्त जे.भी. / ३००००००<br>2 / 44-२०७८/०३/२७ / हरि। सन्त जे.भी. / २००००००<br>**जम्मा** / / / **5000000** | |
| ६४ | | | **आ.ले.प. व्यहोरा सम्बन्धमा**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २077 को नियम 85 मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोरा बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै फस्यौंट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका निम्न बमोजिमका बेरुजुहरु अन्तिम लेखापरीक्षण अवधि सम्म असुल फस्यौंट गरेको नपाइएकोले यसै प्रतिवेदनको अंग बनाइएको छ ।<br><br>**दफा नं.** / **भौचर, मिति र व्यहोरा** / **रकम**<br>1. / **ब.उ.शि.नं. 314010123** सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत भत्ता पाउने लाभग्राहीको संख्या अनुसार विनियोजित बजेट घटी/बढी भएको । लाभग्राहीको संख्या अनुसार बजेट नपुग भएकोले क्रियाकलाप समायोजन गरी खर्च मिलान गरेको देखिएकोले लाभग्राही संख्या अनुसारको बजेट, बजेट संशोधन र पूर्वानुमान गरी बजेट तर्जुमा कार्यमा ध्यान दिनु पर्ने देखिएको। / | ५६९,१८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| दफा नं. | भौचर, मिति र व्यहोरा | रकम |
|---|---|---|
| 2. | **ब.उ.शि.नं. 365001043**<br>स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमको चालु आ.व. मा संचालन हुने कार्यक्रम तालुकको निकायबाट समयमै बजेट बाँडफाँड गरी सम्बन्धित स्थानीय तहमा कार्यन्वयनका लागि पठाउनु पर्ने र सम्बन्धित स्थानीय तहले उक्त योजनाहरुको कार्यन्वयन समय सीमा भित्र गर्नु पर्ने देखिएको । | |
| 3. | **ब.उ.शि.नं. 365001043**<br>उपभोक्ता समितिद्धारा निर्माण हुने योजनाहरूमा डोर हाजिरबाट काम गर्ने कामदारको परिचय खुल्ने कागजात संलग्न गरी राख्नु पर्ने देखिएको । | |
| 4. | **ब.उ.शि.नं. 365011114**<br>स्थानीय तह प्रशासनिक भवन निर्माणकोलागि बहुवर्षीय क्रमागत योजनाको सम्झौता रकम रु. 75985429.64 भएकोमा संघीय, प्रदेश अनुदान र आन्तरिक स्रोतको बजेट बाँडफाँड तथा स्रोत व्यहोर्ने रकम सुनिश्चित गर्नुपर्ने एवं स्रोत अनुसारको खर्च अभिलेख राख्नु पर्ने देखिएको । | |
| 5. | **ब.उ.शि.नं. 350010113**<br>प्रारम्भिक बालविकास केन्द्र नमूना र आदर्श विद्यालय विकास एवं निरन्तरताका लागि बिल भर्पाइ संलग्न गरी मात्र भुक्तानी दिनुहुन भनी परिपत्र भएकोमा सम्बन्धित विद्यालयसँग सम्झौताको आधारमा मात्रै भुक्तानी दिएको देखिएकोले सम्बन्धित कार्यालयको बिल भरपाई पेश गर्नुपर्ने रु. | 1000000 |
| 6. | **कार्य संचालन कोष**<br>मन्त्रालयबाट प्राप्त भएको बजेट अनुदान समयमै बैंक यकीन गरी स्वीकृत कार्यक्रम अनुसार समयमै कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिएको । | |
| | **ब.उ.शि.नं. 80441501101** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| दफा नं. | भौचर, मिति र व्यहोरा | रकम |
|---|---|---|
| 7. | **87-2077/07/20 -** कार्यालय प्रयोजनका लागि लिएको घर भाडा भुक्तानी गर्दा घरबहाल लिनेदिने ब्याक्तिको सम्झौतापत्र समावेश गर्नुपर्नेदेखिएको । | |
| 8. | **105/2077/07/26** फरक-फरक समयमा खाजा तथा खाना खर्च बापत भुक्तानी भएको रकमका बिलहरुमा मिति उल्लेख नभएको तथा बिलहरुको कार्यालय प्रमुखबाट प्रमाणित नभएको । | |
| 9. | **181/2077/09/29** विभिन्न शीर्षक कार्यक्रममा रकम भुक्तानी गरिसकेपछि नियमानुसार कट्टी गर्नु पर्ने कर दाखिला नगरेको हुँदा अग्रिम आय कर सजिना भाँडा पसल रु. 340 र कमल स्टोर्सको रु. 355 दाखिला गर्नुपर्ने रु. | 695 |
| 10. | **267-2077/12/25 -** श्री उन्नति ट्रेडर्सबाट रु. 1848815 कृषि तर्फका बिउ र विषादी खरिद गरेकोमा खरिद आदेश तथा खरिद समितिको निर्णय पेश नगरेको । | |
| 11. | **293-2077/12/27 -** लेखा अधिकृत अशोककुमार खड्कालाई भुक्तानी भएको भ्रमण आदेशमा आदेश नम्बर उल्लेख नभएको भ्रमण गर्ने पदाधिकारीको हस्ताक्षर नभएको तथा पारिवारिक भ्रमण खर्चको अभिलेख समावेश नभएको रु. | 43155 |
| 12. | **346-2078/3/15 -** २०७७ भाद्र २३ को कार्यपालिकाको बैठक नं. 3 को निर्णयानुसार जनहित मा.बि.मा तारबार निर्माण कार्यमा थप रकम रु. 130000 थप गरेकोमा स्रोत खुलाएको पाइएन । | |
| 13. | **354-2078/03/23 -** विकास मिडिया प्रा.लि. ल सूचना प्रकाशन कार्यका लागि रु.9800.00 भुक्तानी भएकोमा बापतको भुक्तानी लिनको लागि सक्कल बिल पेश गर्नु पर्ने रु. | 9800 |
| 14. | **418-2078/03/30 -** अग्रिम आयकर बापतको रु. 285 दाखिला भौचर पेश गर्नु पर्ने रु. | 285 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| दफा नं. | भौचर, मिति र व्यहोरा | रकम |
|---|---|---|
| 15. | **421-2078/03/30 -** चिमाङ दलित समुदायलाई रु. 225000।- बाख्रा पालन अनुदान दिएकोमा आदेश तथा कार्यपालिकाको निर्णय भौचरसाथ संलग्न नरेहेको रु. | 225000 |
| | **ब.उ.शि.नं. 80441501001** | |
| 16. | **79-2077/09/28 -** मार्फा गाउँको माथिल्लो ढोङा खेतमा सिंचाई र गाह्रो सुधार कार्यक्रममा सामानहरु खरिद भएको ए.एच. सप्लायर्सको रु. 127874 को सक्कल बिल पेश नभएकोले सक्कल बिल पेश गर्नु पर्ने देखिएको रु. | 127874 |
| 17. | **81-2077/09/28 -** बाख्रा डिपिंग ट्यांकी निर्माणको लागि विजय हार्डवेयर पोखराबाट रु. 6012 को सामान खरिद गरेको सक्कल बिल पेश नभएकोले सक्कल बिल पेश गर्नु पर्ने देखिएको रु. | 6012 |
| 18. | **180-2078/3/30**ठिनि खेल मैदान निर्माण योजनाको लागि निर्माण सामाग्री खरिद गरे बापत जय सिद्देश्वरी ट्रेड लिंकको रु. 104994.00 र फेन्सिङ जाली उद्योग को रु. 112669.00 समेत रु. 217663.00 को छायाँ प्रति बिल संलग्न भएकोले सक्कल बिल पेश गर्नुपर्ने देखिएकोले रु. | 217663 |
| 19. | **184-2078/03/30 -** घरपझोङ किल्लामा छोर्तेन निर्माणको लागि भुक्तानी भएको संविद ट्रेडिङको रु. 206055।- को सक्कल बिल पेश नभएकोले सक्कल बिल पेश गर्नु पर्ने देखिएको रु. | 206055 |
| | **ब.उ.शि.नं. 80441501300601** | |
| 20. | **15-2077/07/25 -** बजेट खर्च लेख्दा कट्टी गरिएको बहाल कर रु. 800।- को दाखिला भौचर पेश गर्नु पर्ने रु. | 800 |
| **जम्मा** | | **1837339** |

**(उक्त बेरुजु मध्ये मिति २०७९।०३।०५ निर्णयबाट क्र सं ५ , ११ र १५ मा कायम रहेको क्रमश रु.१०००००० , रु ४३१५५ , २२५००० गरी जम्मा रु १२६८१५५ बेरुजु फर्छौट गरिएको)**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६५ | | | **बेरुजु समायोजन**<br>आर्थिक वर्ष 2074/75 को बेरुजु आर्थिक वर्ष 2075/76 मा अल्या गर्दा 3016 हजार हुनुपर्नेमा 6309 हजार भएकोले देहाय बमोजिम आर्थिक वर्ष 2074/75 बाट आर्थिक वर्ष 2075/76 मा अल्या गर्दा फरक परेको रु. 2958 हजार समायोजन गरी आर्थिक वर्ष 2076/77 सम्म जम्मा बेरुजु रु. 36777 हजार कायम गरिएको छ।<br>(रु. हजारमा | |
| ६६ | | | सम्परीक्षण<br>पालिकाले रु. 12333160.95 बेरुजू फर्स्यौट गरी सम्परीक्षणको लागि अनुरोध गरेको मध्ये देहाय बमोजिम रु. 7660429.95 सम्परीक्षण गरी बाँकी रकम रु. 4672731.00 को आवश्यक प्रमाण कागजात नपुगेको कारण फिर्ता गरिएको छ। | |

Table within item ६५:

| **आर्थिक वर्ष** | | | **जम्मा बेरुजु** | **आ.व. 2075/76 को सम्परीक्षण** | **2076/77 सम्मको कायम हुनुपर्ने जम्मा बेरुजु** | **2076/77 को अन्तिम प्रतिवेदनमा भएको बेरुजु** | **समायोजन गर्नुपर्ने बेरुजु** |
|---|---|---|---|---|---|---|---|
| **2074/75 सम्म** | **2075/76** | **2076/77** | | | | | |
| 3016 | 18376 | 22660 | **44052** | -7275 | 36777 | 39735 | 2958 |

Table within item ६६:

| सि. नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| 1. | 2074/ 75 | 31 | बढी भुक्तानी (सामाजिक सुरक्षा) | 32000 | 4000 | | | 36000 |
| 2. | 2074/ 75 | 56 | नन् फइलर (सन्त निर्माण सेवा) | | 94185 | | | 94185 |
| 3. | 2075/ 76 | 27 | टुक्रा टुक्रा कार्य | | | 2005000 | | 2005000 |
| 4. | 2075/ 76 | 47 | अस्पताल सुदृढीकरण पेश्की | | | | 1000000 | 1000000 |
| 5. | 2075/ 76 | 49 | बिल भरपाई (घर भाडा) | | 45000 | | | 45000 |
| 6. | 2076/ 77 | 15 | पूँजीगत बजेटमा चालु प्रकृतिको खर्च | | | 4284176 | | 4284176 |
| 7. | 2076/ 77 | 13 | अनुदान फिर्ता (संघीय) | 132454.95 | | | | 132454.95 |
| 8. | 2076/ 77 | 18 | बढी निकासा (विद्यालय) | 34114 | | | | 34114 |
| 9. | 2076/ 77 | 21 | फिर्ता दाखिला (रोटा खोप सुरुवात) | 5500 | | | | 5500 |
| 10. | 2076/ 77 | 36 | संचित कोष दाखिला | 24000 | | | | 24000 |
| | | | | | | | जम्मा: | 7660429.95 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत वर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><table><tr><th>गत वर्षसम्मको बाँकी बेरुजू</th><th>समायोजन गरिएको बेरुजु</th><th>समायोजन पछिको बेरुजु रकम</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू</th><th>गत वर्षसम्मको बाँकी बेरुजू</th></tr><tr><td>39735</td><td>(2958)</td><td>36777</td><td>7660</td><td>29117</td></tr></table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>अद्यावधिक वेरुजू:<br>यस गाउँपालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ<br><table><tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>सम्परीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr><tr><td>36777</td><td>7660</td><td>35348</td><td>0</td><td>64465</td></tr></table></td><td></td></tr>
</table>